# <u>हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका, २०६९</u>

प्रचलित कानून बमोजिम जफत भएका, प्राप्त हुन आएका, बरामद भएका वा वेवारिसे हातहतियार, खरखजाना र विष्फोटक पदार्थको व्यवस्थापन गर्न नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका २०६९" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) ''इजाजतपत्र वा लाइसेन्स" भन्नाले विष्फोटक पदार्थ ऐन, २०१८ वा हातहतियार खरखजाना ऐन, २०१९ वमोजिम जारी हुने इजाजतपत्र वा लाइसेन्स सम्झनु पर्दछ ।

(ख) "खरखजाना" भन्नाले हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ को खण्ड (घ) मा उल्लिखित खरखजाना सम्झनु पर्छ ।

(ग) "प्राविधिक टोली" भन्नाले दफा ५ बमोजिम गठित प्राविधिक टोली सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ ।

(ङ) ''विष्फोटक पदार्थ" भन्नाले विष्फोटक पदार्थ ऐन, २०१८ को दफा २ को खण्ड (क) मा उल्लिखित विष्फोटक पदार्थ सम्झनु पर्छ ।

(च) ''हातहतियार" भन्नाले हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ को खण्ड (ग) मा उल्लिखित हातहतियार सम्झनु पर्छ ।

३. **<u>हातहतियार, खरखजाना वा विष्फोटक पदार्थको भण्डारण सम्बन्धी व्यवस्था</u>** : (१) प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून बमोजिम बरामद भएको वा बेवारिसे हातहतियार, खरखजाना वा विष्फोटक पदार्थ मुद्दाको अन्तिम किनारा नभएसम्म सुरक्षित भण्डारणको लागि अनुसूची १, २ वा ३ बमोजिमको विवरण समेत उल्लेख गरी सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हातहतियार, खरखजाना वा विष्फोटक पदार्थ अनुसूची १, २ वा ३ मा उल्लेख भए वमोजिम अभिलेख खडा गरी सम्बन्धित जिल्ला प्रहरी कार्यालय प्रमुखले प्रमाणित गरी सुरक्षितसाथ भण्डारण गरी राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भण्डारणका लागि लेखी आएकोमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा भण्डारणको लागि उपयुक्त व्यवस्था नभएमा मुद्दा हेर्ने अधिकारीको अनुमतिले त्यस्तो हातहतियार, खरखजाना वा विष्फोटक पदार्थको अनुसूची १, २  वा ३ मा उल्लेखित ढाँचामा अभिलेख खडा गरी प्रहरी प्रधान कार्यालयमा भण्डारण गर्न लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भण्डारणका लागि लेखी आएमा प्रहरी प्रधान कार्यालयले अनुसूची १, २ वा ३ बमोजिमको ढाँचामा अभिलेख खडा गरी त्यस्तो हातहतियार, खरखजाना वा विष्फोटक पदार्थ सुरक्षितसाथ भण्डारण गर्नु पर्नेछ ।

४. **केन्द्रीय भण्डारण कक्षको व्यवस्था गर्ने** : प्रहरी प्रधान कार्यालयले प्रचलित कानून बमोजिम जफत भएका, प्राप्त भएका, बरामद भएका वा बेवारिसे अवस्थामा फेला परेका हातहतियार, खरखजाना र विष्फोटक पदार्थ भण्डारण गर्नका लागि प्रहरी प्रधान कार्यालयमा उपयुक्त र सुरक्षित केन्द्रीय भण्डारण कक्षको व्यवस्था गर्नु पर्नेछ ।

५. **प्राविधिक टोलीको गठन** : (१) यस निर्देशिका बमोजिम प्राप्त हुन आएको हातहतियार, खरखजाना वा विष्फोटक पदार्थको प्राविधिक जाँच तथा व्यवस्थापन गर्ने कार्यका लागि मन्त्रालयले केन्द्रीयस्तरमा एक प्राविधिक टोली गठन गर्नेछ ।

(२) प्राविधिक टोलीमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन् :-

(क) प्रहरी अतिरिक्त महानिरीक्षक (कार्य विभाग) नेपाल प्रहरी –अध्यक्ष

(ख) नेपाली सेनाको सहायक रथी /अधिकृत प्रतिनिधि -सदस्य

(ग) प्रहरी नायव महानिरीक्षक (कार्य विभाग), सशस्त्र प्रहरी बल –सदस्य

(घ) अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग –सदस्य

(ङ) उप-सचिव, (नागरिकता तथा हातहतियार व्यवस्थापन शाखा) मन्त्रालय –सदस्य

(च) प्रहरी उपरिक्षक/प्र.ना.उ. (हातहतियार सम्बन्धी ज्ञान भएको) नेपाल प्रहरी -सदस्य सचिव

६. **प्राविधिक टोलीको काम, कर्तब्य र अधिकार** : प्राविधिक टोलीको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम जफत भएका, प्राप्त हुन आएका, बरामद भएका वा वेवारिसे हातहतियार, खरखजाना र विष्फोटक पदार्थको उपयुक्त र सुरक्षित भण्डारणका लागि आवश्यक सुझाव दिने ।

(ख) खण्ड (क) बमोजिमका हातहतियार, खरखजाना वा विष्फोटक पदार्थको प्रयोगमा आउन सक्ने वा नसक्ने, ऐतिहासिक तथा पुरातात्विक महत्वका दृष्टिबाट समेत तीनको वर्गीकरण गरी सो बमोजिम व्यवस्थापनका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने ।

(ग) अर्ध स्वचालित, स्वचालित तथा प्रयोगमा आउन सक्ने, नसक्ने हातहतियार तथा खरखजानाको वर्गीकरण गर्ने ।

(घ) खण्ड (क) बमोजिमका हातहतियार, खरखजाना वा विष्फोटक पदार्थ रहेको स्थलको निरीक्षण गर्ने र सुझाव सहित निरीक्षण प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने ।

७. **हातहतियार, खरखजाना र विष्फोटक पदार्थको अद्यावधिक विवरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्ने :** (१) सम्बन्धित जिल्ला प्रहरी कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र यस निर्देशिका बमोजिम आफूलाई प्राप्त हुन आएका हातहतियार, खरखजाना वा विष्फोटक पदार्थको अनुसूची १, २ वा ३ मा उल्लिखित ढाँचामा अभिलेख अद्यावधिक गरी सो को विवरण प्रहरी प्रधान कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(२) प्रहरी प्रधान कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उपदफा (१) बमोजिम प्राप्त विवरण र यस निर्देशिका बमोजिम आफूलाई प्राप्त हुन आएका हातहतियार, खरखजाना वा विष्फोटक पदार्थको अनुसूची १, २ वा ३ मा उल्लिखित ढाँचामा अभिलेख अद्यावधिक गरी मन्त्रालयलाई विवरण उपलब्ध गराउनु पर्नेछ ।

८. **हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको व्यवस्थापन** : (१) प्राविधिक टोलीको सिफारिसका आधारमा मन्त्रालयले प्रचलित कानून बमोजिम जफत भएका प्रयोगमा आउन सक्ने आधुनिक हातहतियार, खरखजानालाई सरकारी आम्दानी बाँधी देहाय बमोजिम गरी प्रयोगमा ल्याउन सक्नेछ :-

(क) सुरक्षा निकायबाट चोरिएका वा लुटिएका हातहतियार र खरखजानाको हकमा लगत तथा अभिलेख भीडाई सम्बन्धित सुरक्षा निकायलाई नै उपलब्ध गराउने ।

(ख) साना तथा मझौला हातहतियार र खरखजानाको हकमा त्यस्ता हातहतियार र खरखजानाको आम्दानी बाँधी नेपाल प्रहरीलाई प्रयोग गर्न दिने ।

(ग) ठूला हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थको हकमा प्राविधिक टोलीको सिफारिस बमोजिम नेपाली सेना वा सशस्त्र प्रहरी बललाई उपलब्ध गराउने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले ऐतिहासिक तथा पुरातात्विक महत्वका हातहतियार तथा खरखजानालाई राष्ट्रिय संग्रहालय वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल संग्रहालयमा राख्ने व्यवस्था मिलाउन सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम जफत भएका, प्राप्त हुन आएका र प्राविधिक टोलीको सिफारिस समेतको आधारमा प्रयोगमा आउन नसक्ने हातहतियार, खरखजाना वा विष्फोटक पदार्थलाई देहाय बमोजिम पत्रु बनाउन वा नष्ट गर्न सकिनेछ :-

(क) प्रयोगमा आउन नसक्ने हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थलाई लगत राखी नियमपूर्वक पत्रु बनाउने वा नष्ट गर्ने ।

(ख) सबै प्रकारका घरेलु हतियार, खरखजानाको लगत राखी पत्रु बनाउने वा नष्ट गर्ने ।

**स्पष्टीकरण** : "घरेलु हतियार" भन्नाले यस खण्डको प्रयोजनको लागि धारिलो खुकुरी, तरबार, कट्टी लगायतका घातक घरेलु हतियार सम्झनु पर्छ ।

(ग) प्राविधिक टोलीको सिफारिस बमोजिम प्रहरी प्रधान कार्यालयले खण्ड (क) र (ख) बमोजिम पत्रु बनाउने वा नष्ट गर्ने कार्य प्रत्येक वर्षको पौष र आषाढ मसान्त भित्र सम्पन्न गर्ने र सोको प्रतिवेदन त्यस्तो कार्य सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयलाई उपलब्ध गराउने ।

(घ) विष्फोटक पदार्थ जुन जिल्लामा बेवारिसे फेला परेको हो वा बरामद भएको हो सोही जिल्लामा नेपाली सेनाले विसर्जन वा नष्ट गर्ने ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोगमा आउन नसक्ने हातहतियार, खरखजानालाई पत्रु बनाउने वा नष्ट गर्ने कार्य गर्दा मन्त्रालयको र विष्फोटक पदार्थको विसर्जन वा नष्ट गर्दा जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधिको रोहवरमा प्रमाणित लगत राखी गर्नु पर्नेछ ।

९. **हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थ जिल्ला प्रहरी कार्यालयमा बुझाउने :** यो निर्देशिका प्रारम्भ हुँदाका बखत जिल्ला प्रशासन कार्यालयमा प्रचलित कानून बमोजिम जफत वा प्राप्त भएका, बरामद वा बेवारिस फेला परेका हातहतियार, खरखजाना वा विष्फोटक पदार्थ रहेको भए अनुसूची १, २ वा ३ बमोजिम अभिलेख राखी त्यस्ता हातहतियार, खरखजाना वा विष्फोटक पदार्थ जिल्ला प्रहरी कार्यालयमा बुझाउनु पर्नेछ र सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

१०. **निरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने** : (१) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले यस निर्देशिका बमोजिम जिल्ला प्रहरी कार्यालयमा भण्डारण गरी राखेका हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थको प्रत्येक छ/छ महिनामा निरीक्षण गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) हातहतियार, खरखजाना ऐन, २०१९ को दफा १५ बमोजिम हातहतियार वा खरखजानाको लगत लिने अधिकारीले हातहतियार वा खरखजानाको लगत लिई अभिलेख खडा गरी प्राविधिक टोलीलाई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

११ **जिम्मेवार हुने :** प्रचलित कानून बमोजिम जफत भएका वा प्राप्त हुन आएका, बरामद भएका र वेवारिसे अवस्थामा फेलापरी भण्डारण गरिएका हातहतियार, खरखजाना तथा विष्फोटन पदार्थको सुरक्षित सञ्चय गर्ने जिम्मेवारी सो बुझि लिने कर्मचारीको हुनेछ ।

१२. **प्रचलित कानून बमोजिम सजाय हुने** : (१) यस निर्देशिका बमोजिम भण्डारण गरिएका हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थ हराएमा वा चोरी भएमा वा अन्य लापरवाहीपूर्ण कार्यबाट कुनै दुर्घटना हुन गएमा सो को छानबिन गर्न मन्त्रालयले एक छानविन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानविन समितिको छानविनमा कुनै कर्मचारी वा व्यक्ति दोषी पाईएमा त्यस्तो कर्मचारी वा व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

अनुसूची-१

नेपाल सरकार

गृह मन्त्रालय

..........................कार्यालय..................मा भण्डारण गरिएको

हातहतियारको विवरण

| सि.न. | बरामद | | | किसिम/क्यालिबर | बनेको राष्ट्र | नाल | हतियारको अवस्था | संलग्न व्यक्ति, समूह/बेवारिसे | बरामद गर्ने निकाय | सम्बन्धित निकायलाई बुझाएको | | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मिति | समय | स्थान | | | | | | | मिति | समय | | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | | |

**अनुसूची-२**

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**........................कार्यालय..................मा भण्डारण गरिएको**

**खरखजानाको विवरण**

| सि.नं. | बरामद | | | गोलीगठ्ठाको किसिम | बनेको राष्ट्र | संख्या | गोलीगठ्ठाको अवस्था | संलग्न व्यक्ति, समूह/बेवारिसे | बरामद गर्ने निकाय | सम्बन्धित निकायलाई बुझाएको | | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मिति | समय | स्थान | | | | | | | मिति | समय | | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | | |

# अनुसूची-३

## नेपाल सरकार

## गृह मन्त्रालय

## ..........................कार्यालय..................मा भण्डारण गरिएको

## बिष्फोटक पदार्थको विवरण

| सि.न. | बरामद | | | किसिम | बनेको राष्ट्र | परिमाण | बिष्फोटक पदार्थको अवस्था | बनेको मिति | म्याद समाप्त मिति | संलग्न व्यक्ति, समूह/बेवारिसे | बरामद गर्ने निकाय | सम्बन्धित निकायलाई बुझाएको | | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मिति | समय | स्थान | | | | | | | | | मिति | समय | | |
| १. | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | | | | |